का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ भदौ २०७९, मंगलबार
30 August 2022, Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २०६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कार्यकारी राष्ट्रपतिको अभ्यास !

नागरिकता विधेयक र संक्रमणकालिन न्याय र अग्निपथको विषयलाई लिएर राष्ट्रपति भण्डारीले सरोकारवाला पक्ष, कानूनविद, संविधानविद र राजनीतिक दलका नेताहरुसँग परामर्श गरेकी छन् । परामर्शको नाममा एकपछि अर्को भेटघाट गरेर राष्ट्रपतिले कार्यकारी अभ्यास गरेको टिप्पणी कतिपयले गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

नागरिकता ऐन संशोधन विधेयक र संक्रमणकालिन न्यायको विषयलाई लिएर राष्ट्रपति विद्या देवी भण्डारीको सक्रियता बढेको छ । राष्ट्रपति भण्डारीले सरोकारवाला पक्ष, कानुनविद, संविधानविद र राजनीतिक दलका नेताहरुसँग परामर्श गरेकी छन् । परामर्शको नाममा एकपछि अर्को भेटघाट गरेर राष्ट्रपतिले कार्यकारी अभ्यास गरेको टिप्पणी कतिपयले गरेका छन् । सोमबार राष्ट्रपति भण्डारीले संसदको सबैभन्दा ठूलो दल नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरुसँग छलफल गरिन् । छलफलको केन्द्रमा नागरिकता विधेयक र संक्रमणकालिन न्यायको विषय रह्यो ।



भेटमा सहभागी नेताहरुका अनुसार राष्ट्रपति भण्डारीले नयाँ शिराबाट छलफल हुने अपेक्षासहित नागरिकता विधेयक सन्देशसहित फिर्ता पठाएको बताएकी छन् । राष्ट्रपतिको भनाईमा कांग्रेस र एमालेका नेताहरुको फरक-फरक जवाफ रहेको छ । नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपतिले संविधान प्रदत अधिकार प्रयोग गरेर नागरिकता विधेयक सन्देशसहित पुनर्बिचारका लागि फिर्ता पठाउनु संविधानसम्मत नै रहेको तर, पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश अनुसार नै विधेयक आएको बताएका छन् । अर्थात, विगतमा ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश तुरन्तै जारी गरेको राष्ट्रपतिलाई स्मरण गराएर फेरि पनि प्रमाणीकरणका लागि आउन लागेको सन्देश दिएका छन् ।

राष्ट्रपतिले १५ बुँदे सन्देशसहित फिर्ता गरेको नागरिकता विधेयक २ भदौ २०७९ मा प्रतिनिधिसभाबाट पारित भइसकेको छ । प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा आएको यो विधेयक राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा बिचाराधीन छ । राष्ट्रिय सभाका बिचाराधीन विधेयक पनि फास्ट ट्र्याकमा पारित गर्ने तयारी सरकार र सत्तारुढ गठबन्धनले गरिरहेका बेला राष्ट्रपतिले भेटघाट बढाउकी हुन् । राष्ट्रपति भण्डारीले सोमबार नै एमालेका नेताहरुसँग पनि परामर्श गरेकी छन् । र

राष्ट्रपतिसँगको भेटमा सहभागी एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङका अनुसार राष्ट्रपति भण्डारीले नागरिकता बाहेक समसमायिक विषयमा समेत चासो राखेकी छन् । उनका अनुसार संक्रमणकालिन न्यायका विषयमा पनि राष्ट्रपतिको चासो रहेको छ । संक्रमणकालिन न्याय सम्बन्धी विधेयक प्रतिनिधिसभामा प्रस्तुत भएर अगाडि बढेको छ। संसदीय प्रक्रिया अनुसार ७२ घण्टा भित्र संशोधन हाल्न सांसदहरुलाई समय दिइएको छ। कानुन न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द बन्दीले संक्रमणकालिन न्याय सम्बन्धी विधेयकमा सरकार खुला रहेको तर, चालु अधिवेशनबाटै पारित गर्ने सोच रहेको बताएका छन्। सरकारसँग संसदमा स्पष्ट बहुमत छ । बहुमत रहेकाले पारित भएर आउन सक्ने भएकाले पनि राष्ट्रपतिले चासो दिएकी हुन ।

यस्तै राष्ट्रपतिले भण्डारीले भारतीय सेनाको अग्निपथ योजनाबारे पनि सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा एमालेका नेताहरुसँगको भेटमा चासो व्यक्त गरेकी छन्। अग्निपथ योजनाबारे सबै दलहरुका बीचमा छलफल होस भन्ने आफ्नो चाहना रहेको पनि राष्ट्रपतिले सन्देश सुनाएकी छन् ।


## दुषित पानीको कारण हुने रोगप्रति सजग रहौं

फोहोर पानीले झाडापखाला, हैजा, टाइफाइड, आऊँ, जण्डिसजस्ता रोगहरू लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं,
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रधानमन्त्री र मन्त्रीको देश दौडाहमा रोक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

आगामी ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावी प्रचारको समयमा प्रधानमन्त्री र मन्त्रीको देश दौडाहमा रोक लगाउने व्यवस्था निर्वाच्न आचारसंहितामा छ ।

सोमबार राजपत्रमा प्रकाशित निर्वाचन आचारसंहिता अनुसार कुनैपनि मन्त्री र स्थानीय तहको जनप्रतिनिधि राजनीतिक दलको मुख्य प्रचारक र प्रचारक भई प्रचारप्रसारमा खटिन पाउने छैनन् ।

आयोगले नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका र कार्यपालिका पदाधिकारीले पालना गर्नुपर्ने ८ वटा आचरण तोकेको छ । जसमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नपाउने उल्लेख छ ।

तर निर्वाचनमा आफैं उम्मेदवार भएका प्रधानमन्त्री र मन्त्री आफ्नो क्षेत्रमा प्रचार प्रसार गर्न जान भने पाउँछन् । यसरी प्रचार गर्न जाँदा सरकारी स्रोत साधन प्रयोग गर्न भने पाउने छैनन् ।

साथसाथै, निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवारहरुले आफ्नो सम्पत्ति विवरण पेश गर्नुपर्ने हुन्छ ।

निर्वाचन आयोगले सोमबार सार्वजनिक भएको निर्वाचन आचारसंहिता अनुसार मनोनयन दर्ता गर्ने उम्मेदवारहरुले त्यसका साथमा सम्पत्ति विवरण तयार गरी सिलबन्दी रुपमा भर्नुपर्ने उल्लेख छ । आचारसंहितामा भएको व्यवस्था अनुसार, उम्मेदवारहरुले आफ्नो वैयत्तिक विवरणसमेत पेश गर्नुपर्नेछ । आयोगका अधिकारीहरुका अनुसार उक्त सम्पत्ति विवरणलाई तीन स्वरुपमा – बाँकी पृष्ठ २ मा




# उम्मेदवारले चुनावी खर्च र स्रोत खुलाउनु पर्ने

आसन्न ४ मंसिरमा हुने चुनावका लागि खडा हुने उम्मेदवारहरुलाई थप कसिलो बनाउने गरी निर्वाचन आयोगले आचारसंहिता तय गरेको छ । सुशासन र परादर्शिताको लागि भन्दै आयोगले बनाएको आचारसंहिता अनुसार उम्मेदवारले संभावित चुनावी खर्च र स्रोत खुलाउनु पर्ने हुन्छ ।



उम्मेदवारले सम्बन्धित प्रतिनिधि बाहेक अरुबाट खर्च गर्न नपाउने व्यवस्था छ। राजनीतिक दलहरुले पनि निर्वाचन प्रचारप्रसारका लागि छुट्टै खाता खोलेर निश्चित प्रतिनिधिमार्फत खर्च गर्ने व्यवस्था गरिएको छ ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

### समानुपातिकतर्फ ६८ दलले चुनाव लड्ने

४ मंसिर २०७९ मा हुने प्रतिनिधिसभा निर्वाचनको समानुपातिक प्रणालीतर्फ भाग लिन ६८ दलले निवेदन दिएका छन् । निर्वाचन आयोगमा दर्ता भएका ७६ दलमध्ये प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फ भाग लिन ६८ दलले निवेदन दिएका हुन ।

निर्वाचन आयोगका अनुसार प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ – बाँकी पृष्ठ २ मा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

**आम चुनाव २०७९**

निर्वाचन आयोगले आसन्न ४ मंसिरमा हुने चुनावका लागि आचारसंहिता तय गरेको छ । सुशासन र परादर्शिताको लागि भन्दै आयोगले बनाएको आचारसंहिता अनुसार चुनावमा खडा हुने उम्मेदवारहरुले थप कसिलो आचारसंहिता पालना गर्नुपर्ने हुन्छ। जस अनुसार उम्मेदवारले संभावित चुनावी खर्च र स्रोत खुलाउनु पर्ने हुन्छ ।

आयोगले सोमबार सार्वजनिक गरेको आचारसंहिता अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मनोनयनपत्र दर्ता गर्ने उम्मेद्वारहरुले आफूले गर्ने सम्भावित खर्च र त्यसको स्रोत खुलाउनुपर्ने हुन्छ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मनोनयनका क्रममा नै उम्मेद्वारहरुले छुट्टै खाता खोलेर खाता सञ्चालन गर्ने प्रतिनिधिको विवरण समेत बुझाउनुपर्ने हुन्छ ।

'उम्मेद्वारले सम्बन्धित प्रतिनिधि बाहेक अरुबाट खर्च गर्न नपाउने व्यवस्था छ' उनी भन्छन्, 'राजनीतिक दलहरुले पनि निर्वाचन प्रचारप्रसारका लागि छुट्टै खाता खोलेर निश्चित प्रतिनिधिमार्फत खर्च गर्ने व्यवस्था गरिएको छ ।'

आचारसंहिता अनुसार २५ हजारभन्दा बढीको आर्थिक सहयोग बैंकमार्फत मात्रै लिनुपर्नेछ। कसैले नगद दिएकोमा चन्दादाताको नाम सहित त्यो रकम बैंकमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको हो । आयोगले खर्चको विवरण र बिलभर्पाई पनि सुरक्षित राख्नुपर्छ भनेको छ ।

यसैगरी, स्थानीय, प्रदेश र संघीय तहका बहालवाला जनप्रतिनिधिले प्रतिनिधि सभा वा प्रदेश सभामा उम्मेद्वारी दिएमा उनीहरुको पद स्वत: रिक्त हुनेछ । – बाँकी पृष्ठ २ मा

## एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनद्वारा ७ विषयमा महानिर्देशकको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

एकीकृत वैदैशिक रोजगार व्यवसायी संगठन नेपालले प्रमुख सात विषयमा वैदैशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक उमाकान्त आचार्यको ध्यानाकर्षण गराएको छ । सोमबार महानिर्देशक आचार्यलाई विभागको कार्यकक्षमा भेटी कार्यकाल सफलताको बधाई तथा शुभकामना व्यक्त गर्दै वैदेशिक रोजगार व्यवसायीले भोगिरहेका समस्याका बारेमा अवगत गराउँदै संगठनले ज्ञापन पत्र बुझाएको छ ।

संगठनले साउदी अरबको रोजगारीमा देखिएको – बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### सिन्धुपाल्चोकमा एक वर्षमा झण्डै ७ हजारले लिए राहदानी

**सिन्धुपाल्चोक/रासस-** जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट एक वर्षमा छ हजार नौ सय ३३ जनाले राहदानी लिएका छन् । वैदेशिक रोजगारी, अध्ययन तथा भ्रमणका लागि विदेश जाने नेपालीको संख्या वृद्धि भएसँगै राहदानी बनाउने नागरिकको संख्यासमेत अघिल्ला वर्षको तुलनामा वृद्धि भएको जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले जनाएको छ । बाह्र स्थानीय तह रहेको यस जिल्लाबाट एक वर्षमा सात हजार – बाँकी पृष्ठ २ मा

### विदेशमा बस्ने नेपालीको मताधिकारी सुनिश्चित गर्न माग

**काठमाडौं/रासस-** प्रतिनिधिसभाका सांसदहरुले आगामी मंसिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनमा विदेशमा बस्ने नेपालीले पनि मत हाल्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने माग गरेका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा सांसद दुर्गाकुमारी विश्वकर्माले आगामी निर्वाचनमा विदेशमा रहेका नेपालीले पनि मत हाल्न पाउनुपर्ने माग गरिन् । उनले भनिन्, 'सरकारले त्यसको – बाँकी पृष्ठ २ मा

## बदलिँदै तीजको स्वरुप



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

आज भन्दा करिब एक दशकअघिको तीज चेलीबेटीका वर्षभरिका सुखदुख साट्न र माईतमा गएर टन्न खानका लागि मनाइन्थ्यो। घरमा हिंसामा परेका महिलाहरु माईत गएर सुखदुखका गीत गाउने, नाँच्ने गर्दथे । तर, अहिले तीजको स्वरुपमा पुरै भिन्नता आएको छ। अहिले सुखदुख साँट्ने भन्दापनि रमाईलोका लागि मात्रै तीज मनाउने चलन बढेको छ। अझ कतिपयले त व्रत पनि बस्ने गरेका छैनन् । महंगा होटलमा जाने, दिनहुँ नयाँ कपडा लगाउने, रक्सी र मन परेका कुरा खाने अनि तीज महिनौंसम्म मनाउने प्रचलन बढेको छ। नयाँ पुस्ताले तीजलाई आधुनिक तरिकाले होहल्ला गरेर मनाएपनि पुराना पुस्ता भने तीज जस्तो महत्वपूर्ण पर्वमा विकृति फैलिएको गुनासो गर्छन् । 'अहिले त तीज महिनौं मनाउने थाले, जथाभावी खाने, जसरी मन लाग्छ त्यसरी नाँच्ने विकृति फैलियो, हामी त दुखसुख साँट्न तीज मनाउँथ्यौ' कागेश्वरी मनोहरा निवासी मैँया नेपालले भनिन् । उनले तीजको मौलिकता हराउँदै गएको र देखावटी बढेको भन्दै दुख समेत व्यक्त गरेकी छिन् ।

हुनत, अहिले तीज फोटो, भिडियो र टिकटकका लागि मनाउने चलन झनै बढेको छ । समूहमा बस्दा पनि फोटो र मोबाईलका कारण मानिसहरु एक अर्कासँग दुख बाँड्न नै बिर्सिएको छ। अर्कोतिर श्रीमान र घरपरिवारमा पनि महिललाई स्वतन्त्रता बढ्दै जाँदा पहिलाको महिलाले जस्तो पीडा पनि भोग्नु परेको छैन ।

समयअनुसार तीजको स्वरुपमा परिवर्तन हुनु आवश्यक रहेको नयाँ पुस्ताको भनाई छ। 'अचेल जे गर्दा पनि तीजमा विकृति फैलियो भन्ने चलन छ, त्यो गलत हो अहिले मानिसको बुझाई, सोँचाई – बाँकी पृष्ठ २ मा

# ‘द्वन्द्वपीडितको न्यायको निम्ति सरकार प्रतिबद्ध’



**काठमाडौं/मस–** कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (काइराला) ले शान्ति सम्झौता र अन्तर र्ाष्ट्रिय कानूनी मान्यताको प्रतिबद्धता अनुरुप सशस्त्रद्वन्द्वको क्रममा पीडितको न्यायको निम्ति सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रस्तुत बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ को सैद्धान्तिक पक्षमाथि सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै उनले शान्ति सम्झौताका साथै सर्वोच्च अदालतको फैसला र नेपालले जनाएको प्रतिबद्धताको अन्तर्राष्ट्रिय कानूनद्वारा सिर्जित दायित्वअनुसार सशस्त्र द्वन्द्वको क्रममा पीडित भएकाहरुको सत्य थाहा पाउने, न्याय पाउने अधिकार र भविष्यमा गरिनुपर्ने सुधारको प्रत्याभूत गर्ने अधिकारको सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

कानूनमन्त्री कोइरालाले मानवताविरुद्धको अपराध अन्वेषण गर्ने काम राज्यका तर्फबाट ढिलो भएकामा पीडितले न्याय पाउन ढिलो भएकोप्रति क्षमा मागे ।

सांसदहरुले पीडितको हकहितकै निम्ति उठाएको प्रश्न सकारात्मक रहेको भन्दै उनले सङ्क्रमणकालीन न्यायको प्रक्रियामा कति हदसम्म जानसक्छौँ भन्ने विषय शोभनीय रहेको उल्लेख गरे ।

‘फौजदारी न्याय प्रणाली भन्दा सङ्क्रमणकालीन न्याय प्रक्रियाबाट अघि बढ्नेगरी अघि बढेको अवस्था छ, यो राजनीतिक प्रक्रिया पनि हो, केवल कानूनी प्रक्रिया मात्रै हुन्थ्यो भने शान्तिसम्झौता भएको भोलिपल्टदेखि नियमित फौजदारी प्रणालीले काम गर्थ्यो’, उनले भने ।

द्वन्द्वपीडितको आवाजलाई सरकारले सुनेरै विधेयक सदनमा आइपुगेको भन्दै उनले सङ्घ तथा प्रदेशमा लामो प्रक्रिया र छलफलपछि आएकाले विधेयकले राम्रा प्रावधान समेटेको उल्लेख गरे । अहिले पनि करिब डेढ महिना सातै प्रदेशमा पीडितलाई प्रत्यक्ष सामेल गरेर उनीहरुको गुनासो समेटेको तथा राजधानी काठमाडौंमा पनि सोहीअनुरुप सम्बन्धित पक्षसँग राय सुझाव लिएर विधेयक अघि बढाइएको मन्त्री कोइरालाको भनाइ थियो । उनले अधिकतम रुपमा राज्यले थेग्नसक्ने अन्तर्राष्ट्रिय कानूनको उलङ्घन नहुनेगरी पीडितका पक्षमा न्याय हुनेगरी विधेयक आएको बताए । उनले विधेयकलाई राजनीतिक कोणबाट नहेरी साझा समस्याको निराकरण गरिनुपर्छ भन्ने भावनाबाट प्रेरित भएर सहमतिका साथ अघि बढ्नुपर्नेमा जोड दिए ।

अघिल्ला सरकारका पालामा पनि विधेयक ल्याइएको भए पनि सार्थकता पाउन नसकेको भन्दै मन्त्री कोइरालाले अहिले विरोधका निम्ति विरोध नगरिकन हिजो कहाँ अड्कियो अब यो समस्यालाई विलम्ब गर्नुहुदैन भन्ने धेयकका साथ विधेयकलाई चाँडो पारित गरिनुपर्ने धारणा राखे ।

# विश्व बैंकले १२ अर्ब ७५ करोड सहुलितपूर्ण ऋण दिने





**काठमाडौं/मस–** विश्व बैंकले नेपालको हरित, उत्थानशील र समावेशी विकास (ग्रीड) का लागि करिब रु १२ अर्ब ७५ करोड (१० करोड अमेरिकी डलर) बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ । अर्थ मन्त्रालयमा सोमबार आयोजित एक कार्यक्रममा सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका सहसचिव ईश्वरीप्रसाद अर्याल र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका सञ्चालन प्रबन्धक लाडा स्ट्रेलकोभाले हस्ताक्षर गरे ।

बजेटरी सहायताका रुपमा उपलब्ध हुने सो सहयोगले नेपाललाई हरियाली, जलवायु उत्थानशील र समावेशी विकासतर्फ अग्रसर हुन सघाउनेछ । ‘ग्रीड’अन्तर्गत तीन चरणमा प्राप्त हुने सहुलियत ऋणमध्येको यो यो पहिलो चरण हो । ‘यो सहायताले हरित, समावेशी र उत्थानशील विकासका लागि सरकारको लक्ष्यलाई सघाउनेछ’, विश्व बैंकका सञ्चालन प्रबन्धक स्ट्रोलकोभाले भने, ‘यस कार्यक्रममार्फत हामी, पानी, भूमि प्रयोग, जलवायु स्मार्ट कृषि, दिगो वन व्यवस्थापन, सहरी क्षेत्र, फोहर व्यवस्थापन र प्रदूषणलगायतका क्षेत्रमा सरकारको प्राथमिकतामा रहेका नीतिगत प्रयासलाई सहयोग गर्दछौं ।’

नेपालको ग्रीड मार्गतर्फको प्रस्थान भनेको यस चुनौतीपूर्ण समयका लागि अवसरले भरि पूर्ण आवश्यक रणनीतिक कदम भएको उनले बताए । कोभिडबाट आर्थिक पुनरुत्थानका साथै हाल विद्यमान विपद, जलवायु तथा वातावरणीय जोखिमलगायत दिनप्रतिदिन जटिल बन्दै गएको नेपालको विकाससम्बन्धी चुनौतीको माझमा गरिबी निवारण गर्दै देशको समृद्धिका लागि भइरहेको प्रगतिलाई विस्तार तथा संरक्षण गर्न यसले सघाउने सहसचिव अर्यालले बताए ।

# बालेनसँग सात दिनभित्र लिखित जवाफ माग



**काठमाडौं/मस–** अदालतको अवहेलनासम्बन्धी मुद्दामा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) लाई सात दिनभित्र लिखित जवाफ दिन सर्वोच्च अदालतले आदेश दिएको छ । न्यायाधीश हरिकृष्ण कार्कीको इजलासले सोमबार उक्त आदेश जारी गरेको हो । ‘निवेदकको मागबमोजिम अवहेलनामा सजाय किन नहुनुपर्ने हो ? सोको आधार, कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक सात दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु ।’

नर्भिक अस्पतालले सार्वजनिक जग्गा मिचेर निर्माण गरेका भनिएका संरचना हटाउने महानगरपालिकाको कदमविरुद्ध दायर गरिएको रिट निवेदनको विषयमा दिएको अभिव्यक्तिलाई लिएर साहविरुद्ध अदालतको अवहेलनाको मुद्दा दायर गरिएको थियो । अधिवक्ता दीपकराज जोशीले साहविरुद्ध उक्त अवहेलनाको मुद्दा दायर गरेका थिए । नर्भिक अस्पताल पक्षबाट दायर भएको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतले अस्पतालले निर्माण गरेका संरचना तत्काल नहटाउन अन्तरकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

# १५ वर्षपछि पशुपतिनाथको पूर्वी मूलढोका भक्तजनका लागि खुला

**काठमाडौं/मस–** पशुपति क्षेत्र विकास कोषले यस वर्षको हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथको दर्शनमा आउने बर्तालु भक्तजनका लागि सहज बनाउन पूर्वी ढोका खोलेको छ ।

पशुपतिनाथको पूर्वी ढोका विसं २०६५ पछि पहिलोपटक खुला गर्न लागिएको हो ।

पशुपतिनाथका मूलभट्ट परिवर्तन गर्ने २०६५ को घटनापछि पूर्वी ढोका बन्द गरिएको थियो । यस वर्ष कोटेश्वर-तीनकुने -सिनामङ्गल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगङ्गा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने व्यवस्था गरिएको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले बताए ।

यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल आर्यघाट जाने वाग्मती नदीमाथिका दुई पुल पार गरेपछिको मध्य क्षेत्रमा राख्ने गरी व्यवस्था मिलाइएको छ । यस क्षेत्रमा जुत्ता चप्पल सुरक्षित राखेर स्वयंसेवा गर्ने जिम्मेवारी जयबागेश्वरी टोल सुधार समितिले पाएको छ ।

तीजमा दर्शन गर्ने भक्तजनका लागि यो सहित चार वटा लामको व्यवस्था गरिएको छ । दोस्रो लाम मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी व्यवस्था गरिएको छ ।

यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्न सकिने गरी व्यवस्था गरिएको छ । यहाँ पशुपति सृजनशील युवा क्लबले जुत्ता चप्पल सुरक्षित राखेर भक्तजनलाई सहयोग गर्ने जिम्मेवारी लिएको छ ।

तेस्रो लाम गौशाला-पिङ्गलस्थान-पञ्चदेवल क्षेत्रबाट अघि बढ्ने व्यवस्था मिलाइएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल बज्रघरअघिको भाग राखिने छ । यस स्थानको जुत्ता चप्पल व्यवस्थापनको जिम्मेवारी अमर नवकान्तेश्वर युवा क्लबले लिएको छ ।

चौथो लाम गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै पशुपतिनाथ मन्दिरमा प्रवेश गर्नेछ । यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल गुरु मन्दिरअघिको खुला भागमा राखिनेछ । यहाँ भक्तजनको जुत्ता चप्पल सुरक्षित राखिदिने जिम्मेवारी नवरथ स्काउट ग्रुपले लिएको छ । लामपिच्छे नै स्वयंसेवक परिचालन हुनेछन् । मूल मन्दिरभित्र भने सुरक्षाकर्मी र स्वयंसेवक दुवै महिला नै परिचालन गर्ने कोषको तयारी छ । कैलाश दक्षिणबाट रुद्रगाडेश्वर, पञ्चदेवलबाट चार शिवालयसम्म डोरी तानेर व्यवस्थित गरिएको छ ।

हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनले मूल मन्दिर र त्यस परिसरको तस्बिर खिचेमा नगद जरिवाना गरिने भएको छ । पशुपतिनाथको मूल मन्दिरभित्र प्राचीनकालदेखि नै तस्बिर खिच्न मनाही गरिँदै आएको छ । पछिल्लो समय सबैका हातमा मोबाइल फोन हुने भएकाले चलाएजसरी तस्बिर खिच्ने क्रम बढ्न थालेपछि नगद जरिवानासहित कारबाही गर्न लागिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताए ।

सनातनदेखि तस्बिर खिच्न मनाही गरिएको स्थानको तस्बिर खिची सामाजिक सञ्जालमा राख्ने, टिकटक बनाउने गर्ने क्रम बढ्न थालेपछि कोषले यस्तो तयारी गरेको हो । गर्भगृहको तस्बिर खिचेमा रु दुई हजार १००, मुख्य मन्दिरको तस्बिर खिचेमा रु एक हजार १०० र मूल मन्दिर परिसरको तस्बिर खिचेमा रु ५०० जरिवाना गर्न लागिएको हो । पशुपतिनाथ मूल मन्दिर क्षेत्रमा मोबाइलले तस्बिर खिचे नखिचेको अनुगमन गर्न कोषका कर्मचारी समूहले सूक्ष्म अनुगमन गर्न लागेको जानकारीसमेत उनले दिए ।

## प्रधानमन्त्री...

प्रयोग गर्ने सोच आयोगले बनाएको छ । पहिलो- उम्मेदवार निर्वाचित भएमा निर्वाचन आयोगले निर्वाचित सांसदको सम्पत्ति विवरण सार्वजनिक गर्नेछ ।

दोस्रो- उम्मेदवार निर्वाचित नभएमा तर उसले पछि विवरण फिर्ता मागेमा निर्वाचन अधिकृतको कार्यालयले सम्पत्ति विवरण फिर्ता गर्नेछ ।

तेस्रो- उम्मेदवारले सम्पत्ति विवरण फिर्ता नगरेमा निश्चित अवधिपछि त्यसलाई धुल्याइने छ ।

## उम्मेदवारले ...

निर्वाचन आचारसंहिता मार्फत आयोगले स्थानीय तहको कार्यपालिका वा सभाको सदस्य, प्रदेश सभाको सदस्य, प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्यले समेत मनोनयन दर्ता गरेमा उ पदमा नरहने व्यवस्था गरेको हो । जनप्रतिनिधिहरु सामानुपातिकको बन्दसूचीमा रहेमा समेत पदमुक्त हुनेछन् । साथसाथै, प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवारहरुले आफ्नो सम्पत्ति विवरण पेश गर्नुपर्ने हुन्छ ।

## समानुपातिकतर्फ....

प्रदेश नं. १ मा ५५, मधेशमा ५९, बागमतीमा ५८, गण्डकीमा ५२ दलले निवेदन दिएका छन् । लुम्बिनीमा ५४, कर्णालीमा ४९ र सुदूरपश्चिममा ५० वटा निवेदन परेको छ ।

## एकीकृत...

समस्या, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका समस्या, पूर्व तथा अन्तिम श्रम स्वीकृति, मागपत्र प्रमाणीकरण समस्या, सिजनल तथा सर्ट टर्म भिसाका बेथिति, स्वास्थ्य परीक्षण गर्ने मेडिकलको समस्या र अनुचितरूपमा बढाइएको शुल्क वृद्धि र सेवा शुल्क परिमार्जनका विषयमा महानिर्देशक आचार्यको ध्यानाकर्षण गराएको हो ।

संगठनले वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि कायम रहेका समस्या समाधान हुन नसक्दा निर्वाधरूपमा पेशा व्यवसाय गर्ने वातावरण नभएको अवस्थामा छोटो समयका लागि राम्रो आम्दानी हुने कतार तथा युरोपेली मुलुकबाट नेपाली कामदारका लागि माग भई आइरहेको तर शैक्षिक परामर्शदाता, भाषा सिकाउने ल्यांग्वेज इन्स्टिच्युट, ट्राभल्स एजेन्सी, गैरसरकारी संस्था तथा व्यक्तिहरूले चर्को रकम असुली गरेर पठाउने तर विदेश पुगेका व्यक्तिहरू अलपत्र परेको अवस्थामा दायित्व नलिने प्रवृत्ति व्यापक बनेकाले अविलम्ब कार्यविधि निर्माण गरी असुरक्षितरूपमा वैदेशिक रोजगारीमा जाने तथा पठाउने प्रवृत्ति रोकिनुपर्ने माग गरेको छ ।

जवाफमा महानिर्देशक आचार्यले आफू व्यवसायीहरूले झेल्नुपरेको समस्याहरूमा जानकार रहेको भन्दै सहकार्य र छलफलबाट न्यायोचित समाधान खोज्ने प्रतिवद्धता जनाएका छन् । वैदेशिक रोजगार समस्या मात्रै नभएर अवसर पनि भएकोले यो क्षेत्रमा रहेका समस्याको समाधान हुनुपर्ने पक्षमा आफू रहेको महानिर्देशक आचार्यको भनाइ थियो ।

संगठनका अध्यक्ष सन्तकुमार लामाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

## सिन्धुपाल्चोकमा...

नौ सय १९ फाराम संकलन भएको थियो । छ हजार नौ सय ३३ थान राहदानी जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट वितरण गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयले जनाएअनुसार वैदेशिक रोजगारीका लागि तीन हजार पाँच सय ५५ महिला तथा चार हजार सात सय ९९ पुरुषले राहदानी लिएका हुन् । केहिले भने राहदानी लिन नआउने गरेको कार्यालयले जनाएको छ ।

राहदानीका लागि फाराम भर्ने नागरिकबाट एक वर्षको अवधिमा रु चार करोड ३३ लाख ८६ हजार दुई सय राजस्व संकलन भएको प्रशासन कार्यालयले जनाएको छ ।

## विदेशमा...

व्यवस्था गर्नुपर्छ, साथै देशभित्रै पनि कतिपय नागरिक मत हाल्नबाट बञ्चित भएका छन् त्यसको उचित व्यवस्थापन गर्नुपर्छ ।’

सांसद डा डिला संग्रौला पन्तले महिला प्रत्यक्ष निर्वाचन लड्न सक्षम भएको भन्दै राजनीतिक दलले महिलालाई निर्वाचनका लागि टिकटको व्यवस्था गर्नुपर्ने माग गरिन् ।

## बदलिँदै ...

सबैमा परिवर्तन आईसक्यो, अब हामी पनि परिवर्तन हुनु जरुरी छ, नयाँ पुस्ताले रुढीवादी कुरा मान्दैन, बानेश्वर बस्ने २७ वर्षीय सविना ज्ञवालीले भनिन् । तीजमा पहिलेजस्तो विरहका गीत गाएर भन्दापनि एउटा पर्वको रुपमा जसरी उपर्युक्त लाग्छ त्यसैगरी मनाउनुपर्ने उनको तर्क छ ।

यद्यपि, पुराना पुस्ता भने अहिलेको तीज, तीजजस्तो नलाग्ने तर्क गर्छन् । उच्छृङ्खल, तडकभडक र देखासिखीका कारण मौलिकता हराएको उनीहरुको चिन्ता छ । त्यत्तिमात्रै होईन, तीजको नाममा बजारमा आउने गीतहरुले यसको वास्तविक मर्म माथि नै प्रहार गरेको उनीहरुको बुझाई छ । एकातिर तीजको नाममा बढ्दो देखासिकी अनि अर्कातिर तीजको मौलिकताबारेको प्रश्न उठिरहँदा अबको तीज कस्तो हुने भन्ने अन्यौलता झनै बढेको छ । उच्छृङ्खलता स्वतन्त्रता हुन नसक्ने हुँदा सामाजिक र धार्मिक चाडपर्व मनाउने नाममा वर्गीय भिन्नता देखिने सार्वजनिक कार्यक्रमहरु गर्न नहुने कतिपयको तर्क छ ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
**आयोजना क्लष्टर इकाई**
जनकपुरधाम, धनुषा

**शिलबन्दी बोलपत्र र दरभाउपत्रको खरीद कारबाही रद्द गरिएको सम्बन्धि सूचना**

**सूचना प्रकाशित मिति : २०७९/०५/१४**

प्रस्तुत सम्बन्धमा यस आयोजना क्लष्टर इकाईबाट तपसीलका कार्यक्रमका लागि निम्न ठेक्का नम्बरको खरीद कारबाही प्राबिधिक कारणबश रद्द गरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २६ (३) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं | बिवरण | ठेक्का नं. | प्रकाशित पत्रिका |
|---|---|---|---|
| १ | चौथो पुस्ताको आलुको बिउ आपूर्ति कार्यको शिलबन्दी बोलपत्र | ०१/२०७९/०८० | मध्यान्ह राष्ट्रिय दैनिक |
| २ | हिउँदे तरकारी (प्याकेट) बिउ आपूर्ति कार्यको शिलबन्दी दरभाउपत्र | ०१/२०७९/०८० | राष्ट्रिय समाचार दैनिक, जनकपुर |

**बरिष्ठ कृषि अधिकृत**



**Damak Municipality**
**Office of Municipal Executive**
Damak, Jhapa
1 No. Province, Nepal

**Invitation for Online Bids**

**Date of publication: 2022-08-30 A.D. (2079-05-14 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Valid-ity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Open-ing Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Supply of Street Light Materials, Damak | DMO/JHA-PA/LIGHT/09/079-80 | 50000 | 1000 | 75 DAYS | 1997840.00 | 2022-09-14 12:00 | 2022-09-14 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website www.bolpatra.gov.np/egp.

3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website www.bolpatra.gov.np/egp and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : **Rastriya Banijya Bank, Damak, Jhapa**
Name of Office : **Damak Municipality,Damak,Jhapa**
Account Name : **Aantarik Rajaswa Khata**
Account No. : **2140100301010002**

4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.

5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# ७० जिल्लामा फैलियो डेंगु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

पछिल्लो केहि दिनयता काठमाडौं उपत्यका लगायतका देशका विभिन्न ठाउँमा डेंगुको संक्रमण बढ्दै गएको छ। काठमाडौं उपत्यकामा डेंगु संक्रमितको संख्या बढेसँगै अस्पतालमा बेडको समेत अभाव हुन थालेको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको आकस्मिक कक्ष डेंगु संक्रमितले भरिएको छ।

आकस्मिक कक्षाको सबै बेड भरिएपछि बिरामीलाई कुर्सीमा समेत राखेर उपचार गरिएको अस्पतालले जनाएको छ। अस्पतालका आकस्मिक कक्षका प्रमुख लीलानाथ भण्डारीका अनुसार एक हप्तायता डेंगुका बिरामीले बेड भरिन थालेका छन्। बिरामीको चाप बढ्सँगै अस्पतालले सोमबारदेखि डेंगु क्लिनिक सञ्चालनमा ल्याएको छ।

टेकु अस्पतालको आकस्मिक कक्षमा शुक्रबार ६८, शनिबार ८५, आइतबार



८० जना बिरामीको उपचार गरिएको थियो। त्यसैगरी, सोमबार ५० जनाभन्दा बढी बिरामीले आकस्मिक कक्षमा उपचार गराएका अस्पतालले जनाएको छ।

अस्पतालमा हाल ४ जनाको आईसीयूमा उपचार भइरहेको छ।

नेपालमा हाल ७० जिल्लामा डेंगुको संक्रमण फैलिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक अनुसार गत वर्षको १५ पुसदेखि १२ भदौसम्म २ हजार ५३९ जना डेंगु संक्रमित भएका छन्। महाशाखाको तथ्यांक अनुसार हाल सबैभन्दा धेरै ललितपुरमा ८५८, रुपन्देहीमा ३६३, काठमाडैंमा ३३२ केस देखिएका छन्। यस्तै धादिङ, तेह्रथुम, सिन्धुली, भक्तपुर, संखुवासभा, अर्घाखाँची र गुल्मीमा ७० जना भन्दा बढीमा संक्रमण पुष्टि भएको छ।

**दुई सय २६ संक्रमित थपिए**

देशभर दुई सय २६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार चार हजार ११ परीक्षणमध्ये सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। सोमबार दुई सय २३ जना सङ्क्रमणमुक्त भएका छन्।

सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार दुई सय ३५ पुगेको छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन्। सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालिकोट, हुम्ला, डोल्पा र मुगु रहेका छन्।

होम आइसोलेशनमा तीन हजार ८६, संस्थागत आइसोलेशनमा एक सय ४९, सघन उपचार कक्ष (आइसियु) मा ४४ र भेन्टिलेटरमा पाँचको उपचार भइरहेको छ। विगत २४ घण्टामा एक लाख ३२ हजार दुई सय ९४ ले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्।

# पाँच वर्षमा १२ बालबालिकाले गुमाए ज्यान

**तनहुँमा चितुवा आतंक**

दमौली/मस- तनहुँको व्यास नगरपालिका-११ स्थित पातीघारीमा चितुवाको आक्रमणबाट सोमबार आमाछोरा घाइते भए।

घाइते हुनेमा ४९ वर्षीया दिलमाया गुरुङ र नौ वर्षीय शंकर गुरुङ रहेका छन्।

घरमै सुतिरहेको बेला चितुवाले आक्रमण गरेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिए। निर्माणाधीन झ्याल ढोका नभएको घरमा सुतेका बेला चितुवा छिरेको थियो। सुरुमा छोरालाई आक्रमण गरेको र चितुवालाई लखेट्ने क्रममा आमा पनि घाइते भएको प्रहरी नायब उपरीक्षक खड्काले बताए। चितुवाको आक्रमणबाट बालकको टाउकोमा र आमाको हातमा चोट लागेको थियो। घाइते दुवै दमौली अस्पतालमा उपचार पश्चात् घर फर्किएको अस्पतालले जनाएको छ।

जिल्लामा केही समययता चितुवाको आक्रमण बढ्दो छ। बस्ती छेउमै आएर चितुवाले बालबालिकालाई आक्रमण गर्नेगरेको छ। जिल्लाको भानु, बन्दिपुर, आँबुखैरेनीमा बढी चितुवाको आतंक छ।

गत बुधबार मात्रै बन्दिपुर गाउँपालिका-१ मा चितुवाको आक्रमणबाट तीन वर्षीय बालक घाइते भएका थिए। उनको चितवनमा उपचार भइरहेको छ। ती बालकको सफल शल्यक्रिया गरिएको छ। मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ।

जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बताए। चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस



हुन थालेको अध्ययनबाट देखिएको छ। चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन र एक्लै नहिँड्न आग्रह गरिएको छ। चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउने, झाडी सफा गर्ने तथा बच्चा तथा वृद्धको विशेष ख्याल र रेखदेख गर्न वन कार्यालयले अनुरोध गरेको छ।

चितुवाको आक्रमणबाट पछिल्लो पाँच वर्षको अवधिमा १२ बालबालिकाले ज्यान गुमाएका छन्। चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन्।

## दुई मन्त्रीले लिए शपथ

सुर्खेत/मस-कर्णाली प्रदेशका नवनियुक्त दुई मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन्।

सोमबार प्रदेश प्रमुख तिलक परियारले दुई मन्त्रीलाई शपथ गराए। मुख्यमन्त्री जीवनबहादुर शाहीले आर्थिक मामिला तथा योजना मन्त्रीमा कृष्णा शाह र जलस्रोत तथा ऊर्जा विकासमन्त्रीमा रातो कामीलाई नियुक्त सोमबार नियुक्त गरेका थिए। यसअघि माओवादीले आफ्ना सरकारमा सहभागी दुई मन्त्री आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट र जल, स्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहलाई फिर्ता बोलाएर मन्त्रीको लागि सांसद शाह र कामीलाई सिफारिस गरेको थियो।


**Dasharathchnad Municipality**
**Office of the Municipal Executive**
Gadi, Khalanga, Baitadi
Sudurpashchim Province, Nepal

**Invitation for Bids No: DCM/NCB/Works/01/2079/080**

Date of publication: 30th August, 2022

1. **The Dasharathchandmunicipity,office of municipal executive Gadi, Baitadi** invites electronic bids from Nepalese eligible bidders for the construction of PLAY GROUND of **Jagannath Multiple Campus** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 48,54,384.38inclusive VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dasharathchand Municipality,Gadi,Baitadi,www.dasharathchndmun.gov.np,095-520171** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents download from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **Nrs. 3000.00 (Non-Refundable)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: **Name of the Bank:** RashtriyaBanijya Bank **Name of Office** :DashrathchandMunicipality, Baitadi **Office Code No. :** 80774401300 Office Account no.: 4050100301010002
4. Pre-bid meeting shall be held at **Dashrathchand Municipality, Baiatdi14 :00 Noon on 20th September,2022.**
5. Electronic bids must be submitted to through PPMO website www.bolpatra.gov.np/egpon or before 12 :00 Noon on 29th September, 2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 Noon,29th September, 2022** at the office of **DashrathchandMunicipality, Gadi, Baitadi.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **1,25,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Executive officer**



## कतारमा र साउदीमा रोजगार अवसर

१. कम्पनी : New Jannat Cleaning Contracting & Services Wll
शहर : Qatar
पूर्व स्वीकृत मिति: २०७८/०५/१३ चलानी नं.: ६०१८६३४८ LT. No.:270510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 1500 | ५२,२०० | | | | | | | |
| 3. | Supervisior | 1 | 0 | | 1500 | ५२,२०० | | | | | | | |
| 4. | Technician Gen | 3 | 0 | | 1200 | ४१,७६० | | | | | | | |

२. कम्पनी : : Nakhlah Food Industries Company
शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०५/१३ चलानी नं.: ६०१८६३४९ LT. No.: 270440

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging Machine Operator | 5 | 0 | | 1700 | ५७,६८१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ९ गते (25 August 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न.१ रु. १०,०००/- क.न.३ रु ४०,०००/- २ को नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## कतारमा रोजगारको अवसर

१. कम्पनी: YALLA TRANSPORTATION CO.
शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७८/०६/१३ चलानी नं.: ६०१६४३७१ LT. No.: 247113 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1500 | ५२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: WHITE STONE
शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७८/१०/०६ चलानी नं.: ६०१७३०९४ LT. No.: 256348 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: WHITE STONE
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/१३ चलानी नं.: ६०१६२१२१ LT. No.: 244656 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marble Technician | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २१ गते (6 Sept. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



## MALAYSIA मा रोजगार

१. कम्पनी: MYDIN MOHAMED HOLDINGS BHD.
शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०५/१३ चलानी नं.: ६०१८६३४० LT. No. 270521

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 99 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: MYDIN MOHAMED HOLDINGS BHD.
शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०५/१३ चलानी नं.: ६०१८६३४१ LT. No. 270493

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 150 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २६ गते (11 Sept. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०,
श्रम इजाजत नं. ३८९/०५९/०६०



## कुवेतमा र बहराइनमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ALSEHR ALDIMACHKI LADIES BEAUTY SALON & SPA CO.
शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/१२/१७ चलानी नं.: ६०१७७०६१ LT. No.:260776 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauticians | 0 | 4 | स. काममा दक्ष | 150 | ६२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : BAHRAIN SPECIAL TECHNICAL SERVICES STS CO WLL
शहर : Bahrain
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९८९० LT. No.:253313 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 3 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Super Visor | 1 | 0 | | 5500 | १८६०,१०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २१ गते (6 Sept. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कम्पनी १ मा नि:शुल्क रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824 | Mob: 9841781155
E-mail: cm.seagull55@gmail.com, cm.birad@gmail.com
ईजाजत नं.: ४०७/०६०/०६१

मध्यान्ह
www.madhyanhadaily.com
१४ भदौ २०७९, मंगलबार
30 August 2022, Tuesday

सम्पादकीय

## सिफारिस कसलाई ?

सरकार, राजनीतिक दल र निर्वाचन आयोगले आमनिर्वाचनको तयारी अगाडि बढाएका छन् । सरकारले शान्ति सुरक्षा, आवश्यक बजेट जस्ता काम अगाडि बढाएको छ । सुरक्षा निकायले चुनावका लागि म्यादी प्रहरी नियुक्ति प्रक्रिया अगाडि बढाएको छ । आवश्यक बजेटको प्रबन्ध सरकारले सुनिश्चित गरेको छ । निर्वाचन आयोगले दल दर्ता, मतदाता नामावली टुंग्याउने, आचारसंहिताको कार्यविधि लगायत काम अगाडि बढाएको छ । आयोगको तयारी सरकारले चुनाव घोषणा गर्नअघि नै थालिसकेको थियो । मतदाता नामावली अद्यावधिक लगायत काम गरिरहेको थियो । गएको ३० वैशाखमा स्थानीय चुनाव सम्पन्न भएकाले पनि मतदाताबारे आयोगले धेरै काम गर्नु परेन । तसर्थ सरकार र आयोगले चुनावको तयारीलाई तीव्र पारेको छ, निर्धारित मितिमै चुनाव हुनेमा शंका हुने अवस्था छैन ।

चुनावको महत्वपूर्ण निकाय हो, राजनीतिक दल । दलहरूले पनि आफूलाई सम्पूर्ण रूपले चुनावमा होमेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उम्मेद्वारको मापदण्डबारे निर्णय गरिसकेको छ । सचिवालय, स्थायी कमिटी, पोलिटब्यूरो र केन्द्रीय कमिटी बैठकबाट आमनिर्वाचनमा उम्मेद्वार हुने व्यक्तिको मापदण्डबारे निर्णय गरेको छ । निर्वाचन परिचालन र घोषणापत्र मस्यौदा कमिटी पनि गठन गरिसकेको छ । सत्ता पक्षले पनि चुनावमा केन्द्रीत गरेको छ । स्थानीय चुनावजस्तै आमनिर्वाचनमा पनि गठबन्धन गर्ने गृहकार्यलाई सत्तारूढ दलहरूले प्राथमिकतामा राखेको छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले सिट बाँडफाँट केन्द्रीत छलफल गरिरहेका छन् ।

केन्द्रमा चुनावको तयारी भइरहँदा स्थानीय तहमा पनि चुनाव लागिसकेको छ । कतिपय दलहरूको सम्बन्धित कमिटीबाट उम्मेद्वार सिफारिस प्रक्रिया शुरू भएको छ । विशेषगरी सत्तारूढ जसपा र एकीकृत समाजवादीमा यो प्रक्रियाले तीव्रता पाएको देखिन्छ । तर जति सिफारिसका समाचार सार्वजनिक भएका छन्, त्यो हेर्दा एउटा गम्भीर प्रश्न भने उठ्छ– फेरि पनि चुनाव जित्नुपर्नेले नभएर जित्ने व्यक्ति सिफारिस भइरहेका छन् । यसले सवैभन्दा ठूलो अन्याय महिलामाथि हुने गरेको छ । प्रत्यक्ष निर्वाचनमा पुरूषको मात्रै सिफारिस भएपछि उम्मेद्वार पनि उनीहरू मात्रै हुने भए । जबकी संविधानको भावना भने लैंगिक समानता कायम गर्ने हो । त्यसैले उम्मेद्वार सिफारिस गर्दा नै हरेक दलका सम्बन्धित कमिटीबाट संविधानको भावना बमोजिम कदम चालिनु आवश्यक हुन्छ । जुन प्रयत्न भएको देखिदैन ।

# तीज : आस्था कि फेसन ?

*आज तीजलाई पर्वको रूपमा भन्दा फेसनको रूपमा लिन थालिएको छ । धेरै तडक-भडक र खर्च गरे पछि मात्रै सबैको नजरमा राम्रो भइने अनि इज्जत र मानप्रतिष्ठा प्राप्त हुने संकुचित सोचको विकास भएको देख्न सकिन्छ ।*

अग्रलेख



● झलक शर्मा

भाद्र शुक्ल तृतियाका दिन पर्ने हरितालिका तीजलाई नेपाली नारीहरुको महान् चाडको रूपमा हेरिन्छ । तीजलाई खासगरी भाद्र शुक्ल द्धितियादेखि पञ्चमीसम्म मनाइने गरिन्छ । यस चाड समयक्रम र आधुनिकताले गर्दा निश्चित समयावधिलाई लम्बाइँदै गइएको छ । भगवान शिवको आरधाना गरी मनाइने यो पर्व विवाहिताले आफ्नो पतिको दिर्घायु र अविवाहिताले सुयोग्य वर पाउनको लागि तृतियाका दिन वर्त बस्ने चलन छ । तीजको दिन निराहार वर्त बस्ने परम्परा आजभोली स्वास्थ्यको दृष्टिकोणले उपयुक्त नदेखिएकाले फलफूल तथा जुस सेवन गरी मनाइने गरिएको छ । तीजमा नारीहरुले भोगेको दुःख, बेदना, रोदनहरुलाई गीतमा समावेश गरी सामूहिकरूपमा गाइने गरिन्छ । विवाहित महिला आफ्नो माइती आउने र साथीसंगी भेटघाट गर्ने, दुःख सुखका कुराहरु साटासाट गर्ने, मिठोमसिनो खाने चलन रहिआएको छ ।

महिला अधिकारसँग प्रत्यक्ष या अप्रत्यक्षरूपमा जोडिएको पर्व तीजलाई मान्न सकिन्छ । पितृसतात्मक सोंचका कारण हाम्रो समाजमा महिलामाथि थिचोमिचो र दमन हुने गर्छ । यस्तो शोषण विगतमा जस्तो बढी नभएता पनि निर्मूल भने हुन सकेको छैन । समाजमा अझै पनि महिलालाई दोस्रो दर्जामा हेर्न खोज्ने मानसिकता रहेको छ । यसले गर्दा महिला समाजमा पछि परेको, सम्मानजनक जिन्दगी जीउनबाट बञ्चित भएको महशुस गराउँछ । हाम्रो समाजमा महिलाहरु घरेलु तथा यौनिक हिंसाबाट प्रताडित हुनु परेको कैयौं उदाहरणहरु छन् । दाइजो कम ल्याएको, छोरा नपाएको कारणले महिलामाथि हुने शोषण अझै पनि रोकिएको छैन । समयको परिवर्तनसँगै आजभोलि महिला हिंसाका स्वरूपहरु पनि परिवर्तन भएका छन् । सामाजिक सञ्जालमा कोही कसैसँग बोलेको, साथी बनाएको कारणले महिलामाथि बारम्बार मानसिक दबाब दिने, पिट्ने, दोष लगाउने जस्ता हिंसाहरु जन्मिएका छन् । यही तीजको अवसरमा महिलामाथि हुने शोषण र दमनलाई नियन्त्रण गर्न सरकारलाई ध्यानाकर्षण गर्नु बढी सान्दर्भिकता हुन सक्छ ।

तीज मनाउने शैली विगतको तुलनामा आजभोली धेरै भड्किलो हुँदै गएको छ । रितिरिवाज संस्कारलाई बिर्सिंदै देखावटी र खर्चालु संस्कृति भित्रिदै छ । महँगा गरगहना, बस्त्र प्रयोग गर्ने तथा पाँच तारे होटल, पार्टी प्यालेस जस्ता महँगा ठाउँहरुमा सामूहिकरूपमा दर खाने जस्ता गतिविधिहरु अँगाल्न खोजिएको छ । संस्कृतिको नाममा व्यापारिकरण बढेको छ । यसले गर्दा करोडौंको रकम विदेशीएको समेत देखिन्छ । स्वदेशी भेषभूषाको स्थानमा विदेशी लत्ताकपडाले लिन थालेका छन् । यस्तो गतिविधि भित्रनु भनेको परिवार, समाज र राष्ट्रलाई समेत हानी हुनु हो । सामान्य कमाई भएको परिवारले तीज पर्वलाई मनाउन कठिनाई उत्पन्न हुन थालेको छ । यसले गर्दा गरिबीको पीडामा रहेको परिवारलाई तीज मनाउन धौ धौ पर्ने अवस्था आइपरेको छ । जसले गर्दा समाजमा धनी र गरीबबिचको वर्गीय विभेद उत्पन्न हुन थालेको छ । संस्कृति जोगाउने नाउँमा चाडपर्वकै अस्तित्व नरहने गरी विदेशी रहनसहन भित्र्याउन खोज्ने



> *तीजलाई महिला अधिकारसँग प्रत्यक्ष या अप्रत्यक्षरूपमा जोडिएको पर्व मान्न सकिन्छ । परम्परादेखि जे-जसरी मनाउँदै आइएको छ, त्यसका प्रकृति पनि सोही मर्ममा आधारित छन् । तर, पछिल्लो समय तीज पर्व महिला अधिकारको पक्षमा देखिन्न । तीज दुःख-सुख साट्ने र महिला अधिकारको विषयमा छलफल गर्नेभन्दा भन्दा तडक-भडक देखाउने पर्वको रूपमा विकास भएको छ ।*

प्रवृत्ति मौलाउदै छ । यस्तो प्रवृत्तिले आपरी भाइचारा मेलमिलाप कायम गर्नुभन्दा समाजमा असमानताको द्वन्द्व बढाउने काम गर्दछ ।

